नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं.:- ०८२/८३

च.नं.:- ६२

मिति २०८२।६।१२

विषय :- कार्यसम्पादन मुल्याङ्कन सम्वन्धमा ।

श्री लोक सेवा आयोग, कमलपोखरी, काठमाण्डौ ।
श्री वढुवा समितिको सचिवालयहरु, सवै ।
श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरु सवै
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु सवै
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु सवै
श्री स्थानीय तहहरु सवै

२०८२ भदौ २३ र २४ गते जेन जी समूहको आयोजनामा भएको आन्दोलनको क्रममा विभिन्न मन्त्रालय/निकाय/आयोग/विभाग/समिति/बोर्ड/जिल्लास्थित कार्यालयहरु/स्थानीयतहहरुमा भएको तोडफोड तथा आगजनीमा समयमै दर्ता भएका तथा दर्ता भई मूल्याङ्कनका लागि प्राप्त हुन आएका विभिन्न सेवा समूहका राजपत्राङ्कित, राजपत्रअनङ्कित श्रेणी तथा सहायस्तरका कर्मचारीहरुको मूल्याङ्कन सम्पन्न हुने चरणमा रहेका तथा मुल्यांङ्कन सम्पन्न भइसकेका विगत वर्षहरुका कार्यसम्पादन मुल्याङ्कन फारमहरु नष्ट भएको जानकारी प्राप्त भएको सन्दर्भमा नष्ट भएका विभिन्न निकायमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फारामका सम्बन्धमा देहाय बमोजिम गर्ने भनी नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८२।६।५ मा निर्णय भएको हुंदा निर्णयानुसार गर्न गराउनु हुन अनुरोध छ ।

(क) आर्थिक बर्ष २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन प्रक्रिया पूरा भई सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइसकिएको भए सोको प्रमाणित छायाप्रति सम्बन्धित बढुवा समितिको सचिवालयबाट सम्बन्धित निकायले माग गरी अभिलेख गर्ने । मूल्याङ्कन प्रक्रिया पूरा नभएका वा पूरा भए तापनि बढुवा समितिको सचिवालयमा पठाउन बाँकी रहेको अवस्थामा नष्ट भएका कार्यसम्पादन मूल्याङ्कन फारामको सम्बन्धमा तत् तत् कर्मचारीहरुले मिति २०८२।६।२२ देखि मिति २०८२।६।२८ सम्ममा पुनः भरी सम्वन्धित कार्यालयमा दर्ता गराउने ।

(ख) खण्ड (क) बमोजिम पुनः पेश भएका कार्यसम्पादन मूल्याङ्कन फारामहरु २०८२।७।२८ सम्ममा मूल्याङ्कन कार्य सम्पन्न गरी तोकिएका निकायहरुमा अभिलेखका लागि पठाउने ।

(ग) आर्थिक बर्ष २०८१/८२ भन्दा अघिल्ला बर्षका मूल्याङ्कन कार्य सम्पन्न भई कार्यालयमा रहेका कार्यसम्पादन मूल्याङ्कन फारामहरु नष्ट भएका अवस्थामा सम्बन्धित बढुवा समितिको सचिवालयबाट उक्त कार्यसम्पादन मूल्याङ्कन फारामको प्रमाणित छायाप्रति माग गरी अभिलेख गर्ने ।

(घ) मूल्याङ्कन कार्य सम्पन्न भइ सम्बन्धित कार्यालय र सम्बन्धित बढुवा समितिको सचिवालयमा रहेका आ.ब. २०८१/८२ र सो अघिका आ.ब.का कार्यसम्पादन मूल्याङ्कन फारामहरु दुबै नष्ट भएको अवस्थामा लोकसेवा आयोगमा रहेको कार्यसम्पादन मूल्याङ्कन फारामको प्रमाणित प्रति आयोगबाट माग गरी अभिलेख राखे । लोक सेवा आयोगमा समेत नभएको अवस्थामा बहालवाला मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन कार्य सम्पन्न गराई सम्बन्धित निकायहरुमा पठाउने ।

नीता अर्याल पोखरेल
सहसचिव